बुढानीलकण्ठ नगरपालिका
बुढानीलकण्ठ नगरपालिका नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित
**स्थानीय राजपत्र**

**खण्ड : ६** **सङ्ख्या : ८** **मिति : २०८०।०९।२५**
**भाग : २**

# बुढानीलकण्ठ नगरपालिका
# नगर अस्पताल सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावना :**
बुढानीलकण्ठ नगरपालिकाभित्रका सबै नागरिकले आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सकून् भन्ने उद्देश्यले नगरपालिकाले नेपालको संविधान २०७२ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र जनस्वास्थ्य सेवा नियमावली, २०७७ अनुसार १५ शैयासम्मको अस्पताल/नगर अस्पतालहरु स्थानीय तहले आफै स्थापना गर्न तथा सञ्चालन गर्नसक्ने सम्मको अधिकारलाई समुचित कार्यान्वयन गर्न, आधारभूत स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय बनाउन बुढानीलकण्ठ नगरपालिकाले बुढानीलकण्ठ नगर अस्पताल स्थापना एवं सञ्चालन गर्न वाञ्छनीय भएकाले,

जनस्वास्थ्य सेवा ऐन, २०८० को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी बुढानीलकण्ठ नगरपालिकाको बैठकले नगर अस्पताल सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः-**

क) यस कार्यविधिको नाम **"बुढानीलकण्ठ नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधि, २०८०"** रहनेछ

ख) यो कार्यविधि बुढानीलकण्ठ नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः- विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

क) **"अस्पताल निर्देशक"** भन्नाले नगर अस्पतालका कार्यकारी प्रमुखलाई सम्झनुपर्छ ।

ख) **"आधारभूत स्वास्थ्य सेवा"** भन्नाले आम नागरिकको स्वास्थ्य सेवा आवश्यकता पूर्तिको लागि सरकारबाट सुलभ र निःशुल्क रुपमा उपलब्ध हुने स्वास्थ्य सेवालाई सम्झनुपर्छ ।

ग) **“कार्यपालिका”** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको नगर कार्यपालिका सम्भनुपर्छ ।

घ) **“नगरपालिका”** भन्नाले बुढानीलकण्ठ नगरपालिकालाई सम्भनुपर्छ ।

ङ) **“नगर अस्पताल”** भन्नाले बुढानीलकण्ठ नगरपालिकाले सञ्चालन गरेको अस्पताल सम्भनुपर्छ ।

च) **“नगर अस्पताल सञ्चालन समिति”** भन्नाले बुढानीलकण्ठ नगरपालिकाद्वारा सञ्चालन गरेको नगर अस्पताल सञ्चालन समितिलाई सम्भनुपर्छ ।

छ) **“नगर उपप्रमुख”** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको उपप्रमुखलाई सम्भनुपर्छ ।

ज) **“नगर प्रमुख”** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुखलाई सम्भनुपर्छ ।

झ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्भनुपर्छ ।

ञ) **“परामर्श समिति”** भन्नाले कार्यपालिकाले नगर अस्पताल सञ्चालन र विकासका लागि आवश्यकता अनुरुप गठन गरेको सल्लाहकार समिति वा परामर्श समितिलाई सम्भनुपर्छ । सो समितिको कार्यक्षेत्र तोके बमोजिम हुनेछ ।

**३. नगर अस्पताल स्थापना तथा सञ्चालन प्रक्रियाः-**

क) नगरपालिकाले नगर क्षेत्रभित्र अस्पताल स्थापना र सञ्चालन गर्नका लागि आवश्यक कानूनी प्रक्रिया पूरा गर्नेछ ।

ख) नगर अस्पताल सञ्चालनको लागी आवश्यक पर्ने जनशक्ति नगरपालिकाले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार हुनेछ ।

ग) नगर अस्पताल सञ्चालन गर्न आवश्यक पूर्वाधार विकास, कर्मचारी व्यवस्थापन, स्रोत परिचालन लगायतका कार्य कार्यपालिकाको निर्णयबाट गरिनेछ ।

घ) प्रचलित कानूनको अधिनमा रही यस अस्पतालबाट प्रदान गरिने विविध सेवाहरुमा नगर अस्पताल सञ्चालन समितिबाट तोकिए बमोजिमको सशुल्क सेवा दिन कुनै वाधा पर्नेछैन ।

ङ.) अस्पतालमा काम गर्ने चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीलाई अतिरिक्त कार्य गरे वापत नेपाल सरकारबाट उपलब्ध हुने सुविधाका अतिरिक्त सेवा अस्पताल सञ्चालन समितिको सिफारिस र कार्यपालिकाको स्वीकृतिमा थप सुविधा दिन सकिनेछ ।

**४. नगर अस्पताल सञ्चालन समितिको गठन तथा काम, कर्तव्य र अधिकार :**

**४.१ गठन प्रक्रियाः-**

**क) बुढानीलकण्ठ नगर अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको सञ्चालक समितिको गठन हुनेछः**

नगर प्रमुख - अध्यक्ष

नगर उपप्रमुख - उपाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

नगर कार्यपालिका सदस्यहरुमध्येबाट

कार्यपालिकाले मनोनयन गरेको १ जना - सदस्य

नगर अस्पताल रहेको सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

नगरपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

स्वास्थ्य क्षेत्रका विज्ञहरु मध्येबाट कार्यपालिकाले तोकेको
१ जना महिलासहित २ जना - सदस्य

नगरसभा सदस्यहरुमध्येबाट कार्यपालिकाले मनोनयन गरेको
एक सदस्य - सदस्य

नगरपालिकाको स्वास्थ्य महाशाखा प्रमुख - सदस्य

नगरपालिकाको स्वास्थ्य केन्द्रहरुमा कार्यरत अधिकृत स्तरको
स्थायी कर्मचारीहरुमध्ये कार्यपालिकाले तोकेको १ जना - सदस्य

अस्पताल मेट्रोन - सदस्य

अस्पताल निर्देशक - सदस्य-सचिव

ख) समितिले आवश्यक ठानेमा कुनै विषय विज्ञलाई वा कुनै संस्थाको प्रतिनिधिलाई समितिको आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

**४.२ नगर अस्पताल सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः**

क) अस्पतालमा जनशक्ति व्यवस्थापन तथा बजेट व्यवस्थापनका सम्बन्धमा नगरपालिकालाई आवश्यक सुझाव दिने ।

ख) उपलब्ध भौतिक सम्पत्ति (घर, जग्गा, खानेपानी, शौचालय, बिजुली, फर्निचर) आदिको संरक्षण गर्ने, गराउने ।

ग) अस्पतालमा आकस्मिक स्वास्थ्य सेवा सहितको अस्पताल सेवा उपलब्ध हुने व्यवस्था मिलाउने ।

घ) अस्पतालबाट उपलब्ध गराइने सेवाहरुको शुल्क तोक्ने ।

ङ) अस्पताल सञ्चालनका लागि चाहिने आवश्यक कार्यविधि, निर्देशिका बनाउने ।

च) नगर अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति काजमा खटाइपठाउन नगरपालिकासमक्ष माग गर्ने ।

छ)	आवश्यकतानुसारको अख्तियार प्रत्यायोजन गर्ने ।

ज)	प्रत्येक आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रम कार्यपालिकामा सिफारिस गरि पठाउने ।

झ)	नगरपालिका मातहत अन्य स्वास्थ्य संस्थाहरु तथा नगर अस्पताल बिचको सहकार्य, जनशक्ति आदानप्रदान र व्यवस्थापनलाई सहजीकरण गर्ने ।

ञ)	अस्पतालका लागि आवश्यक दरबन्दी प्रस्ताव गरी स्वीकृतिका लागि कार्यपालिकामा सिफारिस गरि पठाउने ।

ट)	अस्पताल निर्देशकको छनौट  खुल्ला प्रतिस्पर्धाको आधारमा गरी नियुक्ति गर्ने ।

ठ)	अस्पतालमा कार्यरत कर्मचारीको निलम्बन र बरखास्ती वा कारवाही गर्ने ।

ड)	रू. पचास लाखभन्दा माथिको मूल्याङ्कित सेवा तथा सामानको खरिद कार्य स्वीकृत गर्ने ।

ढ)	अस्पतालको वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्ने ।

ण)	नगरपालिकाको तोकिएका अन्य कार्यहरु गर्ने ।

**५.	परामर्श समिति :**

क)	अस्पताल सञ्चालनका विषयमा आवश्यक राय, सुझाव दिने प्रयोजनका लागि नगर कार्यपालिकाले आवश्यक विज्ञहरु सम्मिलित एक परामर्श समिति गठन गर्नेछ ।

ख)	परामर्श समितिले अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि सञ्चालन समितिलाई आवश्यक सुझाव एवं निर्देशन दिनसक्नेछ ।

ग)	कार्यपालिका र अस्पताल सञ्चालन समितिका विचमा समन्वयात्मक कार्य गर्नेछ ।

**६.	अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः**

क)	बैठकको अध्यक्षता गर्ने,

ख)	अस्पताल निर्देशकलाई तथा मातहतका कर्मचारीलाई आवश्यक निर्देशन दिने,

ग)	आवश्यक कार्यक्रम तथा योजना तर्जुमा गर्न निर्देशन दिने,

घ)	नगर अस्पतालको वृहत्तर संस्थागत हित र विकासमा आवश्यक समन्वय गर्ने ।

ङ)	सञ्चालक समितिको बैठकको माइन्युट प्रमाणीकरण गर्ने ।

**७.	उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः**

क)	अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने तथा अध्यक्षले गर्ने कार्य गर्ने ।

ख)	विभिन्न निकाय, सरोकारवाला संघसंस्था, स्वास्थ्य परामर्श समिति तथा नगरपालिका बिचको समन्वयात्मक नेतृत्व गर्ने,

ग)	अनुगमन, मूल्याङ्कन, अभिलेख परीक्षणको संयोजकको भूमिका निर्वाह गर्ने

**८. सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः**

क)	अध्यक्ष एवं समितिले दिएको जिम्मेवारी पूरा गर्ने,

ख)	संस्थागत हित र विकासको लागि आवश्यक कार्य गर्ने,

ग)	विभिन्न समितिहरुमा बसी नगर अस्पतालको नीति निर्माणमा सहयोग गर्ने,

घ)	बैठक सञ्चालन कार्यविधि पालना गर्ने,

ङ)	नियमित बैठकमा उपस्थित हुने ।

**९. अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः**

क)	बैठकको निर्णय लेख्ने र पदाधिकारीबाट प्रमाणीकरण गराउने,

ख)	पूर्ण रूपमा अस्पताल सञ्चालन गर्ने,

ग)	अस्पतालको दैनिक प्रशासनिक कार्य गर्ने,

घ)	अभिलेख सुरक्षित/व्यवस्थित राख्ने,

ङ)	अध्यक्षको आदेशानुसार बैठक बोलाउने,

च)	स्विकृत दरबन्दीको परिधिभित्र रही प्रचलित कानून अनुसार प्रक्रिया पूरा गरी करारमा कर्मचारी नियुक्तिको लागि सिफारिस सञ्चालक समिति समक्ष पेश गर्ने,

छ)	रु. पचास लाख सम्मको लागत अनुमान गरिएको खरिद सम्बन्धी कार्य खरिद सम्बन्धी प्रचलित कानून बमोजिम स्वीकृत गर्ने ।

**१०. अस्पताल निर्देशकको योग्यता :** अस्पताल निर्देशकको योग्यता देहायबमोजिम हुनेछ :

क)	नेपाली नागरिक,

ख)	मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. स्नातक उपाधि प्राप्त गरी कुनै पनि क्लिनिकल विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

ग)	स्नातकोत्तर उपाधि प्राप्त गरेपछि कम्तिमा ५ वर्ष कार्य अनुभव भएको,

घ)	नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ चिकित्सकको रूपमा दर्ता भएको,

ङ)	उमेर हद : २१ वर्ष पूरा भई ५० वर्ष ननाघेको,

च)	नैतिक पतन देखिनेकुनै फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

छ)	कुनै राजनीतिक दलको सदस्यता नलिएको ।

**११. समितिको बैठकः**

सञ्चालक समितिको बैठक कम्तीमा महिनाको १ पटक बस्नेछ र आवश्यकतानुसार अन्य समयमा पनि बस्न सक्नेछ ।

**१२. अनुगमन तथा मूल्याङ्कनः-**

नगर अस्पताल सञ्चालक समितिको उपाध्यक्षको संयोजकत्वमा एक ३ सदस्यीय अनुगमन तथा मूल्याङ्कन समिति गठन हुनेछ र दुइ जना सदस्य सञ्चालक समिति भन्दा बाहिरका सम्बन्धित विज्ञ सञ्चालक समितिले मनोनयन गर्नेछ । उक्त समितिले अस्पतालको नियमित अनुगमन, मूल्याङ्कन गर्नेछ ।

**१३. पदावधिः-**

क) नगर अस्पताल सञ्चालन समितिको पूर्ण कार्यकाल ४ वर्षको हुनेछ ।

ख) ४ वर्षको कार्यकाल समाप्त नहुँदै निर्वाचित पदाधिकारीहरु एवम् सदस्यहरुको पदावधि सकिने भएमा तिनको कार्यकाल समेत समाप्त हुनेछ ।

ग) मनोनित सदस्यहरुले आफ्नो जिम्मेवारी पूरा नगरेको देखिएमा कार्यपालिकाले जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ ।

**१४. देहायका योग्यता भएको व्यक्ति समितिको पदाधिकारी एवम् सदस्य पदमा नियुक्तिको लागि योग्य हुनेछः-**

क) नेपाली नागरिक

ख) २५ वर्ष पूरा भएको

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय नभोगेको ।

घ) विदेशी राष्ट्रको स्थायी अनुमति पत्र वा नागरिकता नलिएको ।

**१५. पद रिक्त हुनेः**

१. देहायको अवस्थामा मनोनित सदस्यको पद रिक्त हुनेछः

क) मृत्यू भएमा,

ख) राजिनामा दिएमा,

ग) विना सूचना लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा,

घ) फौजदारी अभियोग प्रमाणित भएमा,

ङ) कार्यपालिकाले पदबाट हटाउने निर्णय गरेमा ।

**१६. नगर अस्पताल सञ्चालन समिति बैठक सञ्चालन प्रक्रियाः-**

क) पूर्व सूचनाः बैठक हुनुभन्दा तीन दिन अगाडि पत्र वा अन्य माध्यमबाट ऐजेण्डा सहित समितिका सदस्यहरुलाई (बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषयबारे जानकारी दिएको हुनु पर्दछ ।

ख) बैठक पुस्तिकाः बैठकको निर्णय एवं उपस्थितिको अभिलेखको लागि बैठक पुस्तिका राखेको हुनु पर्दछ ।

ग) बैठकको अध्यक्षता : बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र दुवैको अनुपस्थितिमा सञ्चालक समितिका सबैभन्दा ज्येष्ठ उमेरका सदस्यले गर्नेछ ।

घ)	गणपुरक संख्या: बैठकको गणपुरक संख्या कायम रहेको सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत हुनु पर्दछ ।

ङ)	प्रगति समीक्षा: अघिल्लो बैठकमा भएका निणर्यहरुको प्रगति समीक्षा गरेको हुनुपर्दछ ।

च)	सदस्यहरुको सहभागिता: बैठकमा सबै सदस्यहरुलाई पालैपालो आ-आफ्नो भनाइ राख्ने मौका दिनु पर्दछ ।

छ)	आगामी कार्यक्रमहरुको जानकारी: नगर अस्पतालका निर्देशकले बैठकमा मासिक प्रगति र आगामी महिनाको कार्यक्रमको विषयवस्तु पेश गर्नेछ । प्रमुख वा अन्य कर्मचारीबाट आगामी महिनामा हुने स्वास्थ्य सम्बन्धी कार्यक्रमबारे जानकारी दिनु पर्दछ ।

ज)	अभिलेख राख्ने तरिका: बैठकका निर्णयहरु व्यवस्थित रुपमा निर्णयपुस्तिकामा प्रमाणीकरण गरि राख्नुपर्नेछ ।

१७.	**राजीनामा :-** सञ्चालक समितिका सदस्यले आफ्नो जिम्मेवारीको पदबाट राजीनामा दिन चाहेमा निम्न अनुसार राजीनामा गर्न सक्नेछ:

क)	सदस्यले अध्यक्ष समक्ष ।

ख)	सदस्यको राजीनामा अध्यक्षले स्वीकृत गर्नेछ ।

## १८. मानव संशाधन व्यवस्थापन:-

अस्पताल सञ्चालनको लागि जनशक्ति नगर अस्पताल सञ्चालन समितिको सिफारिसमा बुढानीलकण्ठ नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी बमोजिम हुनेछ ।

## १९. नगर अस्पतालको खाता सञ्चालन तथा व्यवस्थापन:-

क)	नगर अस्पतालको नाममा आफ्नो छुटै खाता रहनेछ ।

ख)	नगर अस्पतालको खातामा देहाय बमोजिका रकमहरु रहनेछन:

(१)	नेपाल सरकार (संघीय सरकार), प्रदेश सरकार र स्थानीय तहबाट स्वास्थ्य संस्था संचालनको लागि प्राप्त हुने अनुदानको रकम

(२)	नगर अस्पतालबाट सेवा प्रदान गरेवापत प्राप्त हुने आम्दानी वापतको रकम

(३)	दातृ निकाय वा दाताहरुबाट प्राप्त हुने रकम

(४)	अन्य आन्तरिक वा वाह्य श्रोतबाट प्राप्त हुने रकम

ग)	अस्पतालको खातामा कुनै निश्चित उद्देश्य स्वरुप जम्मा हुन आउने रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनको लागी मात्र खर्च गर्नुपर्नेछ ।

घ)	विदेशी सरकार, संघ-संस्था वा व्यक्तिबाट रकम प्राप्त गर्नु अघि प्रचलित कानून बमोजिम अनुमति लिनुपर्नेछ ।

ङ)	अस्पतालको खाता सञ्चालन अस्पताल निर्देशक र लेखा प्रमुख गरि दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । नगर अस्पतालमा लेखा प्रमुखको व्यवस्था नभएको अवस्थामा नगरपालिकाको लेखा प्रमुखले नगर अस्पतालको लेखा प्रमुखको रूपमा कार्य गर्नेछ ।

च)	अस्पतालको खाता नगरपालिकाले तोकेको बैंक वा वित्तीय संस्थामा हुनेछ ।

छ)	आर्थिक कारोबारको सञ्चालन, व्यवस्थापन, नियन्त्रण र लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

ज)	आय, व्ययको अभिलेख, आम्दानी खर्चको कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय, व्यय तथा सम्पत्तिको विवरण तयारी आन्तरिक लेखा परीक्षणको सिद्धान्त, बेरुजू अभिलेख, बेरुजू फर्छ्यौट लगायतका विषयका आर्थिक काम-कारबाही कानून बमोजिम हुनेछ ।

झ)	अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा, अन्य सेवाको खरीद प्रक्रिया सम्बन्धमा प्रचलित सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

२०.	**सम्पत्ति र कोष हस्तान्तरणः-** साविकमा प्रचलित ऐन कानून, आदेश वा निर्देशिका/नियमावली बमोजिम प्रस्तावित अस्पताल/ नगर अस्पताल (अपग्रेड) को समितिको नाममा रहेको सबै चल/अचल सबै सम्पति यसै कार्यविधि बमोजिम सञ्चालन हुने नगर अस्पतालको नाममा स्वतः हस्तान्तरण हुनेछ ।

२१.	**लेखा र लेखापरीक्षणः-**

क)	अस्पतालको आय/व्ययको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नुपर्नेछ ।

ख)	कोषको आन्तरिक लेखापरीक्षण कानून बमोजिम नगरपालिकाबाट हुनेछ । अन्तिम लेखा परीक्षण महालेखा परीक्षको कार्यालयबाट हुनेछ ।

२२.	**निर्देशन दिनेः-**

नगरपालिकाले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ र त्यसरी दिईएको लिखित निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२३.	**परिमार्जनः-**

क)	नगर अस्पताल संचालनका क्रममा कुनै कानूनी समस्या भई काम गर्न बाधा अड्चन भएमा नगर अस्पताल सञ्चालन समितिले निर्णय गरी सो विषयमा नगर कार्यपालिकालाई लिखित अनुरोध गर्न सक्नेछ । समय र आवश्यकता अनुसार नगर कार्यपालिकाले यो कार्यविधि परिमार्जन गर्न सक्नेछ ।

ख)	नगर अस्पताल सञ्चालक समितिले यस कार्यविधिको अधिनमा रही आवश्यकतानुसार प्रक्रिया पूरा गरि विभिन्न निर्देशिका, मापदण्डहरु निर्माण गर्नसक्नेछ ।

**२४. अभिलेख तथा प्रतिवेदनः-**

नगर अस्पताल सञ्चालन तथा व्यवस्थापनसम्बन्धी भए गरेका सम्पूर्ण विवरणको व्यवस्थित अभिलेख राख्नुपर्नेछ । प्रत्येक वर्ष सम्पादित कार्यको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र अस्पताल निर्देशकमार्फत् नगरपालिकामा पेश गर्नुपर्नेछ ।

**२५. व्याख्या गर्ने अधिकारः-**

यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

२६. **प्रचलित कानून बमोजिम हुनेः-** यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२७. खारेजी र बचाउः-**

माथि उल्लेख भए बमोजिमका यसअघि भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ । प्रचलित संघीय तथा प्रादेशिक कानूनसँग बाझिएका हदसम्म खारेज हुनेछ ।

**प्रमाणिकरण मिति : २०८०।०९।२४**

**आज्ञाले,**
**(तुल्सीराम अर्याल)**
**प्रमुख प्रशासकीय अधिकृत**